**नेपाल नागरिक उड्डयन प्राधिकरण**

**रामेछाप नागरिक उड्डयन कार्यालय, मन्थलीको**

**चमेनागृह सेवा सञ्चालन सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३।०१।१६)

(दोस्रो पटक प्रकाशित मिति २०८३।०२।०७)

रामेछाप विमानस्थलको प्रस्थान कक्ष (Sterile) तर्फ स्थानमा १५.३० वर्गमीटर क्षेत्रफलमा चमेनागृह सेवा सञ्चालनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारवाट सो सम्वन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही वोलपत्र फाराम पेस गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजार स्थित राष्ट्रिय वाणिज्य वैंकमा रहेको खाता नम्वर १०९०१०००६४९१७००१ मा रु.३,३९०।- (अक्षरेपी तीन हजार तीन सय नव्वे मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. वोलपत्र फाराम सूचना प्रकाशित भएको मितिवाट १५(पन्ध्र) दिनको कार्यालय समयभित्र खरिद गरी १६(सोह) औं दिनको १२:०० वजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका वोलपत्रहरु सोही दिनको २:०० बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन वोलपत्रदाताकोतर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि वोलपत्र खोल्न वाधा पर्नेछैन। वोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा वोलपत्र खरिद र दर्ता गरिनेछ।

३. वोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्वन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ।

४. चमेनागृह सेवा सञ्चालनको लागि ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ। सो अवधिको न्यूनतम ठेक अंक रु. ७८,४०,९२१।- (अक्षरेपीः अठ्हत्तर लाख चालीस हजार नौ सय एक्काइस मात्र) कायम गरिएको छ। साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ।

६. कवोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम नेपाल नागरिक उड्डयन प्राधिकरणको एन आई सी एसिया बैंकमा रहेको धरौटी खाता नम्बर ५४४४०५०५६८३५२४०१ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट )मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री रामेछाप नागरिक उड्डयन कार्यालय, मन्थलीलाई सम्बोधन गरी रामेछाप नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र पत्रिकामा उपलब्ध हुनेछ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ।



CamScanner